दैनिक
# संगम खबर

वर्ष :- ०६ ,  अंक:-६४,  २०८२ फागुन ०२ गते, सनिवार/Saturday 14 Feb. 2026     पृष्ठ:-४,  मूल्य ५ रुपैयाँ

sangamkhabar.com

# नागरिक सरकारको निर्णय कायन्वयको विरुद्धमा, स्थानीय व्यपारीहरुद्धारा अनिश्चितकालका लागी गौर बन्दको घोषणा

रौतहट, फागनु ०१। रौतहट जिल्लाको सदरमुकाम गौरमा रहेको करदाता सेवा कार्यालय सिमरामा गाभिदिएको विषयलाई लिएर पटक पटक स्थानीय प्रशासन र रौतहट उद्योग वाणिज्य संघ बीच भएको निर्णय विपरित कार्य भएको हुँदा यही फागुन ४ गते देखि सशक्त आन्दोलनमा उत्रिने रौतहट उद्योग वाणिज्य संघले चेतावनी दिएका छन्।

रौतहट उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष विपेन्द्रकुमार झा र महासचिव सन्तोष केसरीद्वारा हस्ताक्षरित विज्ञप्तीमा गत पुस २९ गते संघका पदाधिकारी र प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा भएको सहमती विपरित करदाता सेवा कार्यालय गौर बाट “चोर शैलीमा” सामानहरु लोड गरेर लैजान लाग्दा यहाँका व्यापारीहरु आन्दोलनमा उत्रिन राज्यले बाध्य बनाइएका हुन्।





आज सुक्रबार देखि नै गौरमा रहेका कलकारखाना सहित सम्पूर्ण व्यापारिक प्रतिष्ठानहरु अनिश्चितकाल सम्म बन्द रहनुका साथै फागुन ३ गते सम्म ठोस निर्णय नआएमा फागुन ४ गते देखि यातायात तथा नेपालभारत नाका पूर्ण रुपमा अवरुद्ध बनाएर प्रदर्शन गरिने समेत संघले चेतावनी दिएको पत्र सार्वजनिक भएका छन्।

गाभ्ने सरकारी तयारी विरुद्ध स्थानीय व्यापारीहरू आन्दोलनमा उत्रिएका छन्। कार्यालयका सामग्री ट्रकमा लोड गरी सार्न खोजिएको प्रयास व्यापारी र व्यवसायीहरूको अवरोधपछि रोकिएको छ भने लोड गरिएका सामान पुनः अनलोड गरेर कार्यालयमै राखिएको छ।

कार्यालयलाई सिमरास्थित आन्तरिक राजस्व कार्यालयमा गाभ्ने तयारी भएको सूचना बाहिरिएपछि विरोध चर्किएको हो। बजारको केन्द्रभागमा आफ्नै भवनबाट सञ्चालन हुँदै आएको कार्यालय चुपचाप सार्न खोजिएको भन्दै व्यवसायीहरूले कडा आपत्ति जनाएका छन्।

ट्रकमार्फत सामग्री बाहिर लैजान खोज्दा रौतहट उद्योग वाणिज्य संघका पदाधिकारीसहित स्थानीय व्यापारीहरू ट्रकअगाडि धर्नामा बसेका थिए। त्यसपछि स्थिति तनावपूर्ण बनेको थियो र ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो।

संघले जारी गरेको प्रेस विज्ञप्तिमा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा यसअघि नै कार्यालय साविककै स्थानबाट सञ्चालन गर्ने सहमति भएको दाबी गरिएको छ। सो सहमति विपरीत “चोर शैलीमा” सामान सार्न खोजिएको भन्दै संघले विरोध जनाएको हो। विज्ञप्तिमा प्रथम उपाध्यक्ष विपेन्द्रकुमार झा र महासचिव सन्तोष केसरीको हस्ताक्षर रहेको छ।

विरोध कार्यक्रममा विभिन्न दलका स्थानीय नेताहरूको पनि उपस्थिति रहेको थियो। नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीका स्थानीय प्रतिनिधिहरूले सेवा केन्द्र हटाउँदा सेवाग्राही र व्यवसायी मर्कामा पर्ने बताएका छन्।

संघले गौरका उद्योग, कलकारखाना र सम्पूर्ण व्यापारिक प्रतिष्ठान अनिश्चितकालका लागि बन्द गर्ने घोषणा गरेको छ। साथै फागुन ३ गतेसम्म ठोस लिखित निर्णय नआए फागुन ४ गतेदेखि यातायात सेवा र नेपाल-भारत सीमा नाका पूर्ण रूपमा अवरुद्ध पारेर सशक्त आन्दोलन गर्ने चेतावनी दिएको छ।

हाल गौर बजारको जनजीवन प्रभावित बनेको छ भने प्रशासनले संवादमार्फत अवस्था सामान्य बनाउने प्रयास जारी रहेको जनाएको छ। रौतहटको सदर मुकाम गौरमा सञ्चालन हुँदै आएको आन्तरिक राजस्व विभाग अन्तर्गतको करदाता सेवा कार्यालय सिमरातर्फ सार्ने निर्णयले स्थानीय व्यवसायी, उद्योगी र सर्वसाधारणमा गम्भीर असन्तोष पैदा गरेको छ। यदि गौरका करदातालाई कर बुझाउन करिब १२५ किलोमिटर टाढा सिमरा धाउन बाध्य बनाइन्छ भने, यो कदम सेवा प्रवाहको सुधार होइन–बरु राज्यको उपस्थितिलाई कमजोर बनाउने अभ्यास ठहरिनेछ।

सरकारले सेवा केन्द्रहरूलाई व्यवस्थित गर्ने, खर्च घटाउने वा प्रशासनिक पुनर्संरचना गर्ने नाममा यस्तो निर्णय लिएको हुन सक्छ। तर, राज्यका हरेक निर्णयको मूल उद्देश्य नागरिकलाई सहज सेवा उपलब्ध गराउनु हुनुपर्छ। गौरजस्तो सीमावर्ती तथा आर्थिक रूपमा सक्रिय जिल्लाबाट सेवा हटाएर टाढा सार्नु नागरिकमैत्री शासनको मर्म विपरीत जान्छ।

**पहुँचभन्दा टाढा धकेलिएको सेवा**

गौरदेखि सिमरासम्मको यात्रा सामान्य नागरिकका लागि सहज छैन। यातायात खर्च, समयको नोक्सानी, कार्यदिनको ह्रास–यी सबैको सीधा असर साना तथा मझौला व्यवसायीमाथि पर्छ। दैनिक कारोबार सम्हाल्दै आएका व्यापारीले एक दिन कर तिर्न जाँदा अर्को दिन व्यापारमा घाटा व्यहोर्नुपर्छ। अझ ग्रामीण क्षेत्रका करदाताका लागि यो दूरी झन् चुनौतीपूर्ण बन्न सक्छ।

राज्यले डिजिटल कर प्रणालीको विकास गरेको दाबी गरे पनि व्यवहारमा सबै करदाता पूर्ण रूपमा अनलाइन सेवामा अभ्यस्त भइसकेका छैनन्। कागजी प्रक्रिया, कन्सल्टेसन, विवरण सच्याउने कामका लागि कार्यालयमै पुग्नुपर्ने अवस्था अझै कायम छ। यस्तो अवस्थामा १२५ किलोमिटर को दूरी सेवा सरलीकरण होइन–सेवा

**बाकीँ पेज नं. ३ मा**

“लागु पदार्थ होइन, जीवन रोजौँ !”

लागु पदार्थ दुर्व्यसन एक गम्भीर सामाजिक समस्या हो, जसले व्यक्ति मात्र होइन, परिवार, समाज र देशको भविष्यलाई समेत अन्धकारतर्फ धकेलिरहेको छ। युवाशक्ति दुर्व्यसनको सिकार बन्दै जाँदा अपराध, हिंसा, बेरोजगारी र स्वास्थ्य समस्या बढ्दै गएका छन्।



∴ लागु पदार्थ प्रयोग नगर्ने प्रतिबद्धता गरौँ
∴ युवालाई सकारात्मक क्रियाकलापतर्फ प्रेरित गरौँ
∴ आजको गलत निर्णयले भोलिको भविष्य नष्ट गर्छ

दुर्व्यसन विरुद्ध सामूहिक आवाज उठाऔँ
लागु पदार्थ छोडौँ, स्वस्थ जीवन जोडौँ
परिवार, समाज र राष्ट्र बचाऔँ

गढीमाई नगरपालिकाको कार्यालय
समनपुर, रौतहटद्वारा जनहितमा जारी सन्देश

# प्रधानाध्यापक प्रसादलाई एक कार्यक्रमको बिच सम्मान तथा बिदाई

**रौतहट, फागुन ०१ ॥** रौतहटको ईशनाथ नगरपालिकास्थित श्री जनता माध्यमिक विद्यालय औरैयाको प्रधानाध्यापक भीखर प्रसादलाई आज सम्मान तथा बिदाई गरिएको छ। शिक्षण पेशाबाट अनिवार्य अवकाश हुनु भएको प्रधानाध्यापक प्रसादलाई आज एक कार्यक्रमको बिच सम्मान तथा बिदाई गरिएको हो।




ईशनाथ नगरपालिकाकी नगर प्रमुख कौशल्या देवीको प्रमुख आतिथ्यमा विद्यालय प्राङ्गणमा आज सम्पन्न कार्यक्रम मार्फत वहाँको सम्मान तथा बिदाई गरिएको विद्यालयको शिक्षक संजय कुमार यादवले जानकारी दिनु भयो। माध्यमिक तहको गणित शिक्षकको रूपमा शिक्षण सेवामा प्रवेश गर्नु भएको वहाँ अस्थायी र स्थाथी गरी झण्डै २९ वर्ष सेवा गरी अनिवार्य अवकाश हुनु भएको हो।

विद्यालयको माध्यमिक तहको सामाजिक शिक्षक राम विश्वास मुखियाले सञ्चालन गर्नु भएको सो कार्यक्रममा ईशनाथ नगरपालिकाको योजना शाखा प्रमुख इशराजुल खान, शिक्षा शाखाको निरंजन सिन्हा, स्थानीय समाजसेवी डाक्टु निरज सिन्हा, प्रमोद कुमार यादव, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष लालबाबु प्रसाद यादव, पूर्व अध्यक्ष रामवचन साह, वि व्य स सदस्य नारायण महतो, चन्दा देवी, मा वि डुमरियाको प्रधानाध्यापक दिपक मेहता, मा वि घिउराको प्रधानाध्यापक चन्देश्वर यादव, मा वि मठियाको प्रधानाध्यापक अरविन्द साह, मा वि बन्जरहाको प्रधानाध्यापक नारायण साह लगायतको विशेष उपस्थित रहेको थियो।

अवकाश हुनु भएको प्रधानाध्यापक प्रसादको योगदानको कदर गर्दै विद्यालय परिवार र विद्यार्थीहरूले अबिर, फूलमाला र गम्छा ओढाएर सम्मान गरेको थियो। विद्यालयको माध्यमिक तहको विज्ञान शिक्षक खुर्शिद आलममे स्वागत् मन्तव्य राख्नु भएको सो कार्यक्रममा बोल्ने वक्ताहरूले प्रधानाध्यापक भीखर प्रसादको शिक्षा र विद्यालयप्रतिको योगदान तथा सेवा भागको खुलेर प्रशंसा गरेको थियो।

सुमित्रा मिडिया प्रा.लि. गौर रौतहटद्वारा प्रकाशित सगम खबर दैनिक पत्रिकाको लागि
सम्पादक :- दिनेश यादव उर्फ संगम
कप्यूटर लेआउट :- राहुल कुमार पाण्डेय
कार्यालय :- गौर नगरपालिका-२ रौतहट, नेपाल
मोवाईल नं. :- ९८५५०४५९१९, ९८०९२४५९१९
इमेल :- sangamkhabar@gmail.com,
वेवसाईट:- www.sangamkhabar.com
मुद्रक :- हेमा पब्लीकेशन प्रा.लि. गौर, रौतहट

# सम्पादकीय ............

## कर बुझाउ डेढ सय किलोमिटर जानु पर्ने ?

रौतहटको सदरमुकाम गौरमा सञ्चालन हुँदै आएको आन्तरिक राजस्व विभाग अन्तर्गतको करदाता सेवा कार्यालय सिमरातर्फ सार्ने निर्णयले स्थानीय व्यवसायी, उद्योगी र सर्वसाधारणमा गम्भीर असन्तोष पैदा गरेको छ। यदि गौरका करदातालाई कर बुझाउन करिब १२५ किलोमिटर टाढा सिमरा धाउन बाध्य बनाइन्छ भने, यो कदम सेवा प्रवाहको सुधार होइन–बरु राज्यको उपस्थितिलाई कमजोर बनाउने अभ्यास ठहरिनेछ।

सरकारले सेवा केन्द्रहरूलाई व्यवस्थित गर्ने, खर्च घटाउने वा प्रशासनिक पुनर्संरचना गर्ने नाममा यस्तो निर्णय लिएको हुन सक्छ। तर, राज्यका हरेक निर्णयको मूल उद्देश्य नागरिकलाई सहज सेवा उपलब्ध गराउनु हुनुपर्छ। गौर जस्तो सीमावर्ती तथा आर्थिक रूपमा सक्रिय जिल्लाबाट सेवा हटाएर टाढा सार्नु नागरिकमैत्री शासनको मर्म विपरीत जान्छ।

गौरदेखि सिमरासम्मको यात्रा सामान्य नागरिकका लागि सहज छैन। यातायात खर्च, समयको नोक्सानी, कार्यदिनको ह्रास–यी सबैको सीधा असर साना तथा मझौला व्यवसायीमाथि पर्छ। दैनिक कारोबार सम्हाल्दै आएका व्यापारीले एक दिन कर तिर्न जाँदा अर्को दिन व्यापारमा घाटा व्यहोर्नुपर्छ। अझ ग्रामीण क्षेत्रका करदाताका लागि यो दूरी झन् चुनौतीपूर्ण बन्न सक्छ।

राज्यले डिजिटल कर प्रणालीको विकास गरेको दाबी गरे पनि व्यवहारमा सबै करदाता पूर्ण रूपमा अनलाइन सेवामा अभ्यस्त भइसकेका छैनन्। कागजी प्रक्रिया, कन्सल्टेसन, विवरण सच्याउने कामका लागि कार्यालयमै पुग्नुपर्ने अवस्था अझै कायम छ। यस्तो अवस्थामा १२५ किलोमिटरको दूरी सेवा सरलीकरण होइन–सेवा अवरोध हो।

नेपाल संघीय संरचनामा गएको दशक नपुग्दै सेवा केन्द्रीकरणको अभ्यास हुनु विडम्बना हो। संघीयताको मर्म नै स्थानीय तहसम्म सेवा विस्तार गर्नु हो। यदि जिल्ला सदरमुकामबाटै कार्यालय हटाइन्छ भने स्थानीय शासनको औचित्य कमजोर हुन्छ। यसले राज्यप्रति नागरिकको विश्वासमा दरार ल्याउन सक्छ।

करदाता सेवा कार्यालय कुनै साधारण कार्यालय होइन; यसले स्थानीय आर्थिक गतिविधिको संकेत गर्छ। यस्तो कार्यालय हटाउँदा स्थानीय बजारमा आर्थिक सन्देश पनि नकारात्मक जान्छ–"यो क्षेत्र प्राथमिकतामा छैन" भन्ने अनुभूति बढ्छ। यसले लगानीको वातावरणमा समेत असर पार्न सक्छ।

# जेनजी विद्रोह, संविधान संशोधन र आगामी निर्वाचनः एक चर्चा

धिरज शेर्पाली

संविधान र व्यवस्थामा केही विषय थप्दैमा समाजवादी भइहाल्छ भन्ने होइन। तर समाजवाद उन्मुख अवश्य हुन्छ। नवउदारवादी पुँजीवाद संकटमा छ। मानव जाति पनि संकटमा छ, किनभने एपस्टिन फाइलको सार्वजनिकीकरणले पनि समाजवाद उन्मुख हुनैपर्छ भन्ने देखाउँछ र अर्को विकल्प हामीसँग छैन। लोकतन्त्र भनेको समाजवादमा पुग्ने बाटो हो भने समाजवाद उच्च स्तरको लोकतन्त्र हो। यी दुई दार्शनिक प्रवर्ग बिना दुनियाँ बुझ्न र बदल्न सकिँदैन। हिजोको जस्तो एकल रेखात्मक दार्शनिक प्रवर्ग होइन, बरु बहु-रेखात्मक दार्शनिक प्रवर्गको बाटोबाट चौथो औद्योगिक क्रान्तिको नेतृत्व गर्ने वाम राजनीतिक विचार धारासहितको बलियो शक्ति आवश्यक छ र त्यो दलले फागुन २१ को निर्वाचनमा बहुमत ल्याउनुपर्छ।

स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको वैचारिक सर्वगुण भएको दलले मात्र नेपालमा औद्योगिक क्रान्तिको नेतृत्व गर्न सक्छ। चौथो औद्योगिक क्रान्तिले नागरिक स्वतन्त्र हुनेछन्, सुखी हुनेछन्, युवाहरू विदेश पलायनको समस्या अन्त्य हुनेछ। बेरोजगारी र गरिबी, रोग, भोग, अभावबाट नागरिक मुक्त हुनेछन् र धनी र गरिब बीचको खाडलको अन्त्य हुनेछ। विदेशमा श्रम होइन वस्तु र सेवा निर्यात गरी निरन्तर दुई अङ्कको आर्थिक वृद्धिदर दुई दशकसम्म हासिल गर्नु पर्दछ र आजको १४ सय प्रतिव्यक्ति आयलाई छोटो समयमा १४ हजार डलरमा पुऱ्याउने एक भयानक संकल्प हुनेछ। आगामी निर्वाचनमा जेनजी र अग्रगामी शक्तिले एक संकल्प गर्नैपर्दछ। पहिलो औद्योगिक क्रान्ति क्रमशः दोस्रो, तेस्रो र एकैपटक चौथो औद्योगिक क्रान्ति सम्पन्न गर्ने विचार र रणनीतिको बाटो अङ्गीकार गर्नै पर्दछ। तीव्र वा भ्यागुतो जस्तै उफ्रिने महान् छलाङको आर्थिक विकासमा जाने नीति राज्यले तय गर्नै पर्दछ। नेपाल ग्लोबल साउथका देशहरूसँग प्रतिस्पर्धा गर्ने राष्ट्रमा छलाङ मार्नेछ। एक राष्ट्र एक संकल्प, एक नेपाली एक संकल्प, एक दल एक संकल्प फागुन २१ को निर्वाचनमा व्यक्त हुनेछ। तेस्रो विश्वबाट पहिलो विश्वमा पुग्ने संकल्प नेपालले लिनै पर्दछ।

समाज र राज्यमा कैयौँ अन्तरविरोध एकैसाथ टकराउँछन् र सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अन्तरविरोध विस्फोट हुन्छन्। देशमा घटित घटनाहरू देशीविदेशी शक्तिले सञ्चालित भन्नुभन्दा पनि उपरोक्त आन्तरिक अन्तरविरोधको कारक तत्त्वले काम गरेको भन्नु उपयुक्त हुन्छ। यो भन्दा पृथक् रूपमा विश्लेषण गर्नु युक्तिसंगत हुँदैन र गर्नु पनि हुँदैन। लामो समयदेखि चुलिएको अर्थ-राजनीतिक अन्तरविरोधहरू विकराल छन्। देशमा निरपेक्ष गरिबी र बेरोजगारी हाम्रा प्रमुख समस्याहरू हुन्, साथै व्याप्त भ्रष्टाचार, निम्न उत्पादन तत्त्वको वृद्धि पनि एक जटिल समस्या हो। आर्थिक विकासको स्तर निम्न हुनु र शासकहरूद्वारा राज्यशक्तिको आडमा राष्ट्रको सम्पत्ति दोहन व्यापक भयो र नीतिगत भ्रष्टाचारले सीमा नाघ्दै गयो। वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र जातपातजन्य विभेद, असमानता र बहिष्करणका समस्या जटिल हुँदै गए। यी तमाम समस्याहरू जेन्जी विद्रोहका लागि कारक तत्त्व बन्न पुगे। अर्थ-राजनीतिसँग सम्बन्धित जेन्जी विद्रोहलाई सचेत ढङ्गले क्रान्तिकारी दिशामा पुऱ्याउने दायित्व आम नेपालीको काँधमा छ। यसलाई छिटोभन्दा छिटो जेन्जी विद्रोहलाई संस्थागत गर्दै जानुपर्छ नत्र विद्रोहका मुद्दा अपहरण हुने र जसले गर्दा जनताको सार्वभौम सत्ता समेत गुम्ने खतरा हुन्छ। जसलाई पुनः प्राप्तिको लागि भावी पुस्ताले कैयौँ वर्ष संघर्ष गर्नु पर्ने हुन्छ।

जेन्जी विद्रोहले संसद विघटन र अन्तरिम सरकार गठन गर्नसम्म सफल भएको छ। तर देशका कैयौँ मुद्दा हल हुन बाँकी नै छन्। हामीले हेक्का राख्नुपर्ने कुरा के हो भने विद्रोह युद्धविराममा परिणत भएको छ, युद्ध अन्त्य कदापि भएको छैन किनभने विद्रोहले उठाएका मुद्दाहरू अझै पूरा भएका छैनन्। २०७२ सालमा जारी संविधानसभाबाट नेपाली जनता सार्वभौम सम्पन्न भए र जनताले स्वतन्त्रता र समानता प्राप्त गर्न भने सफल भए तर संविधानसभा जनताका कैयौँ मुद्दाहरू समाधान गर्न असफल भएको यथार्थ हो। जस्तैः प्रत्यक्ष शासकीय स्वरूप र निर्वाचन प्रणालीमा परिवर्तन गर्न संविधानसभा चुक्यो। राज्य पुनःसंरचना आयोग र राज्यशक्ति बाँडफाँट समितिले सामर्थ्यका चार र पहिचानका पाँच आधारमा संघीय संरचना बनाउनुपर्ने प्रतिवेदन प्रस्तुत गरेको थियो तर संविधानसभाले यति महत्त्वपूर्ण विषयलाई गम्भीर लिन सकेन र मधेसी, महिला, दलित, आदिवासी जनजातिका सरोकारका माग पनि सुनुवाइ भएनन् र आज पनि यी मुद्दा ज्युँका त्युँ कायम छन्। र आर्थिक समृद्धि र विकासको पाटो निकै पछि धकेलियो। यत्ति मात्र होइन देशमा राजनीतिक अस्थिरता चुलिँदै गयो, दश वर्षमा बारम्बार सरकार र म्युजिकल चेयर बनाउने काम भयो तर जनता रोग र भोकबाट ग्रसित हुँदै गए र जनताको अवस्था परिवर्तन भएन। डिजिटलमा अभूतपूर्व विकास, नेटवर्किङ, डिजिटल क्रान्ति, सामाजिक सञ्जालको व्यापक विस्तारले जेन्जी पुस्ताको विद्रोहको भावनालाई अभिवृद्धि गरिदियो। राजनीतिक अस्थिरताबाट म्युजिकल चेयरको रूपमा बारम्बार सरकार परिवर्तनले झन्-झन् युवामा विद्रोहको ज्वाला विस्फोट हुँदै थियो। ठुला-ठुला भ्रष्टाचारका काण्डले झन्-झन् विद्रोहमा घ्यु थपिँदै गयो। सार्वजनिक शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवामा आम नागरिकको पहुँच निकै जटिल बन्दै गयो। धनी र गरिब बीचको खाडल चुलिँदै गयो। देशमा चरम व्यापार घाटा चुलियो। आर्थिक गतिहीनता, बेरोजगारी र गरिबीको खाडल गहिरिँदै गयो, आर्थिक रूपमा वैदेशिक परनिर्भरता चुलियो। निराशा र वैदेशिक पलायनको आम प्रवृत्ति बढ्दै गयो। भ्रष्टाचार र कुशासनको दुश्चक्रमा देश फस्दै गयो। आर्थिक विकास रोकिनु, अग्रगमनको मार्गमा अवरोध हुनु, आन्तरिक राष्ट्रिय समस्या समाधान भन्दा जटिल बनाउनु, र संघीयतालाई बदनाम गर्नु। जातपातजन्य समस्यालाई नजरअन्दाज गर्नु, हिमाल पहाड र मधेसलाई विभाजन गर्न मलजल गर्नु। जटिल भू-राजनीतिक समस्याको समाधान भन्दा एक अर्कोको विरुद्ध कार्ड प्रयोग गर्नु। यी तमाम समस्याबाट देश चौतर्फी संकटबाट गुज्रिएको प्रष्ट हुन्छ। जसको परिणाम स्वरूप जेन्जी विद्रोह हुन पुग्यो र देशले ठुलो नोक्सान बेहोर्नु पर्यो। यी समस्याबाट के प्रष्ट छ भने अझै पनि जेन्जी विद्रोह क्रान्तिमा रूपान्तरित भएको छैन बरु युद्धविराममा परिणत भएको मात्र छ। सौभाग्यवश झन्न नेपाल सरकार र जेन्जी प्रतिनिधि बीच १० बुँदे सम्झौता भयो र संविधान संशोधन गर्नुपर्ने बाध्यता हुन पुगेको छ र जेन्जी विद्रोहले एक हदसम्म मूलतः सफलता प्राप्त गर्न सफल भयो। १० बुँदे सम्झौताले नेपाली लोकतान्त्रिक आन्दोलनले पूर्णता पाउनु देश र जनताको लागि निकै सफलता मान्नुपर्छ। निर्वाचनपछि संविधान संशोधन गर्नु र कार्यान्वयन गर्नु भने निकै चुनौती छ। दुर्भाग्यपूर्ण भन्नुपर्छ कि लोकतान्त्रिक आन्दोलनमा बलिदान गरेका राजनीतिक दलहरूले जेन्जी आन्दोलन र यसका उपलब्धिहरूलाई धुत्कार्दै विदेशी एजेन्टको संज्ञा दिनु अज्ञानताको पराकाष्ठा मात्र हो र १० बुँदे सम्झौतालाई अस्वीकार गर्नु देशलाई आर्थिक समृद्धि र विकासबाट वञ्चित गर्नु हो।



धिरज शेर्पाली

फागुन २१ को निर्वाचनमा सरकार र जेन्जी प्रतिनिधि बीच भएको दश बुँदे सम्झौता स्वीकार गर्ने र अस्वीकार गर्ने बीचको जनमतसंग्रह जस्तै हो भन्दा अन्यथा नहोला। यो निर्वाचन दशबुँदे सम्झौता विरोधी र पक्षधर बीच भीषण संघर्ष हुने निश्चित छ र विरोधी धारको असफल र पक्षधरको सफलता वा बहुमत निश्चित छ।

नेपाली जनता सामु अझै पनि दुई खाले चुनौती बाँकी छन्, एक देशमा प्रतिक्रान्तिकारी चुनौती र अर्को यथास्थितिमा देश फर्काउने हो कि भन्ने चिन्ता। यी दुई प्रवृत्ति वा शक्ति नेपाली जनतामा निहित सार्वभौम सत्ता र संविधानका विरुद्ध परिलक्षित हुने खतरा जीवितै छ। यथास्थितिवादी शक्तिले विद्रोहलाई तुहाउने हरसम्भव कोसिस गर्दै छन् भने प्रतिगामी शक्तिले व्यवस्था उल्टाउने कोसिस गर्दै छन्। जेन्जी विद्रोहले प्रत्यक्ष शासकीय स्वरूप र पूर्ण निर्वाचन प्रणालीको घोषणा गर्न सकेको भए यो निकै उपलब्धिमूलक क्रान्ति साबित हुने थियो। तर पनि जेन्जी विद्रोहले अन्तरिम सरकार र संसद विघटन गर्न सफल भएको छ र आगामी मार्ग तय गर्दै ऐतिहासिक उपलब्धि हासिल गर्ने अवसरको निकट छ। जेन्जी विद्रोहको ताकतमा गठन भएको अन्तरिम सरकारले पछि बन्ने संसदले अनुमोदन गर्ने गरी संघमा र प्रदेशमा प्रत्यक्ष शासकीय स्वरूप र पूर्ण समानुपातिक निर्वाचन प्रणाली र यथाशीघ्र प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको निर्वाचन घोषणा यो अन्तरिम सरकारले गर्नुपर्दथ्यो र शासकीय स्वरूप र निर्वाचन प्रणालीमा आमूल परिवर्तन नगर्दासम्म नीतिगत भ्रष्टाचारका काण्ड भइराख्छन्। पुरानो प्रक्रियामुखी कर्मचारीतन्त्र छ, दोहनकारी कानुन र न्यायालय छ, यसलाई आमूल परिवर्तन

लागु पदार्थको सेवनबाट आफु पनि बचौ र अरुलाई पनी बचाऔ

लागू पदार्थको सेवनबाट हुने शारीरिक असर:-

एच. आई.भि. / एड्स,हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने,तौल घट्ने, शरीर दुव्लाउने, खानामा रुचि नहुने,ओभरडोज भएर मृत्यु समेत हुने ।





मानसिक असर:-

एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन,सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने,नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

पारिवारिक तथा सामाजिक असर: -


पारिवारिक असमझदारीबढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने,सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढ्ने,अनैतिक कार्यमा संलग्न हुने भएकोले आजैदेखी लागूपदार्थको कुलत त्यागौ ।



लागूऔषध बिरुद्धको अभियान सम्बूद्ध र सभ्य समाजको निर्माणमा लागौ ।

फतुवा विजयपुर नगरपालिका, रौतहट
लक्ष्मीनीया, मधेश प्रदेश, नेपाल

सर्पको टोकाईबाट बच्न अपनाउनुपर्ने उपायहरु :



- घर अगाडिका झाडी,कसमल काटेर सफा गरौं
- घरका भित्तामा भएका प्वाल टाल्ने र मुसा छिर्ने दुलोहरु पुर्ने गरौं
- झ्याल र ढोकामा जाली लगाउने
- खेतबारीमा काम गर्दा पुरा बाहुलाको कपडा र खुट्टामा छालाको बुट लगाऔं
- रातिमा हिंडडुल गर्दा लाइट बालेर हिंड्ने गरौं
- भुईंमा नसुतौं , खाटमाथि सुतौं र झुल लगाउने गरौं

सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरु :

- सर्पले टोकेमा धामी, झाँक्रीको खोजीमा समय बरबाद नगरौं, तुरुन्त अस्पताल वा सर्प दंशको उपचार केन्द्रमा लैजाऔं
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन् सान्त्वना दिने गरौं
- सर्पले टोकेको व्यक्तिलाई केही पनि खान नदिने र निदाउन दिन हुँदैन
- शरीरमा भएको घडी, चुरा, औंठी, पाउजु, पेटी खोली दिऔं
- सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतह भन्दा तल पार्न लगाऔं
- सर्पले (टोकेको भागलाई डोरी वा ट्युबले अत्यधिक कसेर नबाँधौं) टोकेको ठाउँ छोप्न सफा, सुख्खा पट्टीले बलियो गरी बेर्ने र सो पट्टी नहल्लियोस् भनेर अर्को पट्टीले कस्ने गरौं
- सर्पले टोकेको भागलाई हलचल गराउन र हिंड्न नदिऔं
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसालेर लैजाऔं

दुर्गाभगवती गाउपालिका रौतहट
मधेश प्रदेश, नेपाल

## जेनजी..........

नगरेसम्म भ्रष्टाचारको जालो तोड्न सकिँदैन। हाम्रो कर्मचारीतन्त्र प्रक्रियामुखी छ, परिणाममुखी बनाउनुपर्छ र आमूल सुधार अत्यावश्यक छ। राज्यका सबै संयन्त्रमा सुधार गर्दै आर्थिक राजनीतिक क्षेत्रका सबै विसंगति अन्त्य गर्नुपर्छ । एउटा निष्पक्ष र स्वतन्त्र बलियो भ्रष्टाचार निरोधक संयन्त्र निर्माण गर्नुपर्छ । सबै भ्रष्टाचारीलाई कारबाही गर्न सक्ने हैसियत राख्ने जनलोकपाल निर्माण गर्नुपर्छ ।

(५) सम्पत्तिको प्रमुख स्रोत जमिन हो र जमिनमा वैज्ञानिक भूमिसुधार छिटोभन्दा छिटो लागू गर्ने हिम्मत गर्नै पर्दछ । अर्थात् चौथो औद्योगिक क्रान्तिको आधार तयार नगरी हामीलाई सुखै छैन । शिक्षा क्षेत्रमा आमूल सुधार गरौँ जसको आधार तत्त्व उद्यमशीलता, नव-प्रवर्द्धन, देशलाई औद्योगिकीकरण गर्ने व्यवसायी र प्राविधिक शिक्षामा राज्यको ठुलो धनराशि खर्च गर्न सक्नुपर्छ । हालको यथास्थितिमा रहेको शिक्षामा पुनःसंरचना गर्नैपर्छ । कानुन र न्याय प्रणालीमा सुधार गरौँ । प्रशासन पुरानो छ, बदलौँ, प्रक्रियामुखी होइन छिटो परिणाम दिने खालको बनाऔँ जसले देशको औद्योगिकीकरणको प्रशासनिक नेतृत्व प्रदान गरोस् । हामी र हाम्रो देश नेपाल के हो? बुझौँ, भारत र चीन केन्द्रित भू-राजनीतिमा जुन जटिलता छ यसको समाधान गर्दै केही वर्षभित्र पहिलो र तेस्रो अर्थतन्त्र बीच हाम्रो अर्थतन्त्र अवस्थित हुँदै छ, यी दुई भावी आर्थिक महाशक्तिसँग पदचाप मिलाऔँ र दुई तिरका ठुला समुद्रमा निस्सासिने होइन बरु डुङ्गामा सयर गर्ने आर्थिक रणनीतिको बाटो तय गरौँ। उत्पादनमा मूल्य शृङ्खला मिलाऔँ र तीव्र औद्योगिकीकरण तिर अगाडि बढौँ। हाम्रो संघीयताको सैद्धान्तिक आधार तयार गरौँ । यो अभिशाप होइन देशको आर्थिक विकासको लागि वरदान साबित हुनेछ। माथि सिंहदरबारबाट होइन बरु तलबाट माथि जाने आर्थिक विकासको मोडेलमा जाऔँ।

अधिकार सम्पन्न प्रदेश र स्थानीय तहलाई औद्योगिक जोन बनाऔँ। लगभग सय खर्बको हाम्रो अर्थतन्त्र हो र राष्ट्र बैंकमा रहेको १८ खर्ब पुँजीलाई औद्योगिक उत्पादनमा लगानी गरौँ। र बाँकी ९१ खर्ब पुँजीलाई ट्रेडमा मात्र होइन कृषि, उद्योग र सेवा क्षेत्रमा लगानी गरौँ। हालैको वित्तीय संकट समाधान गरौँ र कोमामा रहेका उद्योगपति र व्यवसायीहरूलाई राज्यले संरक्षण गर्ने नीति यथाशीघ्र तय गरौँ । वित्तीय पुँजी र औद्योगिक पुँजी बीचको अन्तरविरोध हल गरौँ र ऊर्जा उत्पादनमूलक क्षेत्र, ठुला पूर्वाधार, मध्यम उद्योग, साना उद्योगमा वित्तीय व्यवस्थापनको पहुँच सजिलो र सहज पारौँ। उद्योगमा लगानी गर्न विदेशमा बस्ने गैरआवासीय र स्वदेशमा बस्ने नेपालीहरूलाई प्राथमिकता दिँदै विदेशी लगानीलाई पनि आकर्षित गर्ने नीति लिनु पर्दछ।

पूर्वीया दर्शनमा बुद्धिजम, हिन्दुइज्म र ताओइज्मका सकारात्मक अवधारणाबाट पनि सिकौँ र नेपाली समाजमा कायम रहेको जात व्यवस्थालाई बदलौँ र वैज्ञानिक समाज व्यवस्थामा नेपाली समाजलाई रूपान्तरण गरौँ । निर्वाचन पछि बन्ने प्रतिनिधिसभाको पहिलो बैठकबाट संविधान संशोधन गरौँ र जेन्जी प्रतिनिधिसँग अन्तरिम सरकारले गरेको १० बुँदे सम्झौता लागू गरौँ । उच्चस्तरीय कार्यदल, सहिद घोषणा, क्षतिपूर्ति, उपचार, शिक्षा, रोजगार, र राहत, अर्थपूर्ण समीकरण - अत्यधिक बलप्रयोग, गैरन्यायिक हत्या, मानवाधिकारको उल्लङ्घन, निष्पक्ष छानबिन, प्रवासी नेपाली मताधिकारको व्यवस्था, सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन, राजनीतिक र नीतिगत भ्रष्टाचार, दलीयकरणको अन्त्य, कसैलाई मतदान गर्दिन ( च्प्नजत तय चभवभअत), (च्प्नजत तय चभअर्बी), प्राइमरी इलेक्सन, प्रवासी नेपाली मताधिकार, अस्थायी बसोबास कर्ताका लागि मतदान सुविधा, सुशासन भ्रष्टाचार नियन्त्रण, प्रतिनिधित्व वृद्धि, एक व्यक्ति दुई कार्यकाल लागू, महिला, दलित, आदिवासी, मधेसी, मुस्लिम, थारू, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सबैको राज्यसत्तामा सहभागिताको ग्यारेन्टी गरौँ र प्रतिनिधिमूलक लोकतन्त्र होइन कि समावेशी समानुपातिक सहभागितामूलक प्रत्यक्ष लोकतान्त्रिक प्रणालीको विकास नगरी हामीलाई सुखै छैन र राज्य प्रणालीलाई समाजवाद उन्मुख बनाउनै पर्दछ, हामीसँग अर्को विकल्प छैन।

## नागरीक..........

अवरोध हो।

**संघीयताको भावना विपरीत**

नेपाल संघीय संरचनामा गएको दशक नपुग्दै सेवा केन्द्रीकरणको अभ्यास हुनु विडम्बना हो। संघीयताको मर्म नै स्थानीय तहसम्म सेवा विस्तार गर्नु हो। यदि जिल्ला सदरमुकामबाटै कार्यालय हटाइन्छ भने स्थानीय शासनको औचित्य कमजोर हुन्छ। यसले राज्यप्रति नागरिकको विश्वासमा दरार ल्याउन सक्छ।

आर्थिक प्रभाव र सामाजिक सन्देश

करदाता सेवा कार्यालय कुनै साधारण कार्यालय होइन; यसले स्थानीय आर्थिक गतिविधिको संकेत गर्छ। यस्तो कार्यालय हटाउँदा स्थानीय बजारमा आर्थिक सन्देश पनि नकारात्मक जान्छ–"यो क्षेत्र प्राथमिकतामा छैन" भन्ने अनुभूति बढ्छ। यसले लगानीको वातावरणमा समेत असर पार्न सक्छ।

# आजपाको चुनावी घोषणापत्र सार्वजनिक: प्रत्यक्ष कार्यकारीदेखि निःशुल्क आधारभूत सेवासम्म




**रौतहट, फागुन ०१॥** आम जनता पार्टी (आजपा) ले प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि आफ्ना चुनावी घोषणापत्र शुक्रबार सार्वजनिक गरेको छन् । काठमाडौंको भृकुटी मण्डपमा आयोजित पत्रकार सम्मेलनमा पार्टी अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साह, वरिष्ठ पत्रकार एवं नेता ऋषिराज धमला र सहअध्यक्ष तिलक थापा मगर लगायत नेताहरूले संयुक्त रुपमा घोषणापत्र सार्वजनिक गरेका हुन् ।

'एक घर-एक रोजगारी', कर सीमा २०% र राइट टु रिकलसहित संरचनागत सुधारको प्रस्ताव

घोषणापत्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली, करको संवैधानिक सीमा र शिक्षा-स्वास्थ्य सहित आधारभूत सेवा निःशुल्क उपलब्ध गराउने जस्ता महत्वाकांक्षी एजेन्डा अघि सारिएको छ ।

शासन प्रणालीदेखि अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, ऊर्जा र वैदेशिक नीति सम्म संरचनागत परिवर्तन गर्ने प्रतिबद्धता पार्टीले जनाए ।

**प्रत्यक्ष कार्यकारी र पूर्ण समानुपातिक प्रणाली**

आजपाले प्रधानमन्त्री र मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्ने प्रस्ताव गरेको छ । संघ र प्रदेशमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु गर्ने तथा निर्वाचित जनप्रतिनिधिलाई काम नगरेमा कार्यकालमै फिर्ता बोलाउन पाउने 'राइट टु रिकल' अधिकार सुनिश्चित गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ ।

सरकारले कुल गार्हस्थ उत्पादनको २० प्रतिशत भन्दा बढी कर लगाउन नपाउने संवैधानिक व्यवस्था गर्ने प्रस्ताव पनि पार्टीले अघि सारेको छ । गैर आवासीय र विदेशीलाई नागरिकता दिने प्रावधान पुनरावलोकन गर्ने एजेन्डा समेत समावेश गरिएको छ ।

भ्रष्टाचार नियन्त्रण र न्यायिक सुधार

भ्रष्टाचारविरुद्ध जनताको प्रत्यक्ष निगरानी रहने विशेष कानुनी संरचना बनाउने, सरकारी खर्च र विकास आयोजनाको विवरण अनलाइन मार्फत सार्वजनिक गर्ने तथा नीतिगत भ्रष्टाचारमा संलग्नको सम्पत्ति जफत गर्ने प्रस्ताव घोषणापत्रमा समेटिएको छ ।

न्यायालयलाई पूर्ण डिजिटलीकरण, पारदर्शी नियुक्ति प्रणाली र न्यायिक सुधार मार्फत सुशासन सुदृढ गर्ने योजना पनि सार्वजनिक गरे ।

**'एक घर-एक रोजगारी' र आईटी हबको लक्ष्य**

आजपाले 'एक घर, एक रोजगारी' कार्यक्रम लागु गर्ने र बेरोजगारलाई बेरोजगारी भत्ता दिने घोषणा गरे । नेपाललाई 'ग्लोबल आईटी हब' बनाउने लक्ष्यसहित युवा उद्यमीलाई १० देखि २५ लाख रुपैयाँ सम्म बीउ पुँजी (सीड मनी) उपलब्ध गराउने योजना पनि सार्वजनिक गरे ।

हरेक विद्यार्थीले कम्तीमा एक उच्च प्राविधिक सीप अनिवार्य रूपमा सिक्नुपर्ने व्यवस्था गर्ने प्रतिबद्धता घोषणापत्रमा उल्लेख गरिएको छ ।

**शिक्षा, स्वास्थ्य र आधारभूत सेवा निःशुल्क**

पूर्ण साक्षर राष्ट्र अभियान, स्मार्ट कक्षाकोठा र 'एक स्थानीय तह, एक खेलमैदान' कार्यक्रम लागू गर्ने योजना अघि सारिएको छ ।

स्वास्थ्य क्षेत्रमा डिजिटल हेल्थ कार्ड, गम्भीर रोगको पूर्ण निःशुल्क उपचार र प्रत्येक पालिकामा विशेषज्ञ अस्पताल स्थापना गर्ने प्रतिबद्धता पनि जनाइएको छ ।

शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युत् आधारभूत रूपमा निःशुल्क उपलब्ध गराउने घोषणा आजपाले गरे ।

पूर्वाधार, ऊर्जा र आवासमा नयाँ दृष्टिकोण

मुख्य राजमार्ग स्तरोन्नति, सडक सुरक्षामा उच्च प्रविधि निगरानी, सार्वजनिक पार्किङ व्यवस्था, अप्टिकल फाइबर विस्तारसहित डिजिटल करिडोर विकास गर्ने योजना सार्वजनिक भएको घोषणापत्रमा समावेश छ ।

विद्युत् उत्पादन तथा निर्यात वृद्धि गर्दै 'हिमालयन ओरिजिन' ब्रान्ड मार्फत बोतलको पानी अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने लक्ष्य पनि पार्टीले लिएको छ । भूमिहीनका लागि 'भर्टिकल हाउजिङ' र योजनाबद्ध नयाँ सहर विकास गर्ने प्रतिबद्धता समेत सार्वजनिक गरियो ।





लागु पदार्थको सेवनबाट आफु पनि बचौ र अरुलाई पनी बचाऔ

लागू पदार्थको सेवनबाट हुने शारीरिक असर:-
एच. आई.भि. / एड्स,हेपाटाईटिस तथा यौनजन्य रोगहरु संक्रमण हुने,तौल घट्ने, शरीर दुब्लाउने, खानामा रुचि नहुने,ओभरडोज भएर मृत्यु समेत हुने ।

मानसिक असर:-
एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन,सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने,नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

पारिवारिक तथा सामाजिक असर: -
पारिवारिक असमझदारीबढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने,सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढ्ने,अनैतिक कार्यमा संलग्न हुने भएकोले आजैदेखी लागूपदार्थको कुलत त्यागौ ।

लागूऔषध बिरुद्धको अभियान सम्बृद्ध र सभ्य समाजको निर्माणमा लागौ ।

राजदेवी नगरपालिका
राजदेवी, रौंतहट मधेश प्रदेश, नेपाल

# 'आबाट आमा' ले अहिलेसम्म कति गर्‍यो आम्दानी ?

**काठमाडौं, फागुन ०१ ॥** चन्द्र पन्त निर्देशित फिल्म 'आबाट आमा' प्रदर्शनको तेस्रो सातामा प्रवेश गर्न सफल भएको छ । माघ १६ गतेबाट प्रदर्शनमा आएको फिल्म ८ करोड ७२ लाख ग्रस कलेक्सन गर्दै आज शुक्रबारबाट तेस्रो सातामा प्रवेश गर्न सफल भएको हो ।

पहिलो हप्ताभन्दा दोस्रो साता हलमा दर्शकको चाप बढेको समेत निर्माण पक्षले जनाएको छ । फिल्म चन्द्र पन्तले निर्देशन गरेका हुन् ।

'दर्शकको माया अत्यधिक पाइरहेका छौँ । देशभरका अधिकांश हलमा दर्शकको साथ छ', निर्देशक पन्तले भने 'अहिलेसम्म हाम्रो फिल्मले ८ करोड ७२ लाख भन्दा बढी कमाई गरिसकेको छ ।' फिल्मले उठाएको आमा बुबा र छोराबिचको सम्बन्धको कथा सबैको रुचिमा परेको उनको भनाई रहेको छ ।

आर्या इन्टरटेन्मेन्टको प्रस्तुतिमा निर्माण भएको यो फिल्ममा निर्देशक पन्तकै कथा तथा पटकथा छ । फिल्ममा विपना थापा,पल शाह,प्रदीप रावत (गजनी भिलेन)का अलवा साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, गजित बिष्ट,बेगम नेपाली,रचना गौतम लगायतको अभिनय छ ।

फिल्मलाई कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर,ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुङ्गाना निर्माताको रूपमा छन्। यस फिल्मका कार्यकारी निर्माता करण सिंह रसाली हुन्।

## तपाईको आजको दिन कस्तो रहनेछ

**मेष** :- आज बोलीवचन एवं प्रवचन भाषण आदिमा प्रशंसा मिल्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ । प्राविधिक कार्यमा जुट्दा फाइदा हुने समय पनि छ ।

**बृष** :- अपरोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । आजको दिन मनोरञ्जनपूर्ण रहनेछ । व्यवसायिक क्षेत्रबाट पनि लाभ हुनेछ ।

**मिथुन** :- आज शरीरमा कमजोरी अनुभूति हुनेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ, तर साँझमा भने मनमा हर्ष र प्रसन्नता छाउनेछ ।

**कर्कट** :- घर व्यवहारमा झमेला रहला । प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ । दैनिक कार्यमा सफलता पाइनेछ ।

**सिंह** :- परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**कन्या** :- आज कामको सन्दर्भमा आउँने प्रतिस्पर्धीहरुलाई किनारा लगाउँदै महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिनेछ । सजिलै अरुको मन जित्न पनि सकिनेछ ।

**तुला** :- आज आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ ।

**वृश्चिक** :- आज भाग्यले साथ दिनेछ । आज परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । आफन्तजनहरु खुसी हुने समाचार दिन सकिन्छ ।

**धनु** :- वाणीमा कुशलता आउने दिन परेको छ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।

**मकर** :- घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ । परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।

**कुम्भ** :- आज गोप्य सूचना बाहिरिनाले समस्या आउनेछ । यात्रा गर्दा ध्यान दिनुहोला बाटोमा दुःख हुन सक्छ, तर आफन्तको साथ र सहयोग पाइनेछ ।

**मीन** :- धार्मिक र सामाजिक महत्त्व भएको क्षेत्रमा भ्रमण हुनसक्छ । दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरू हुन सक्छ ।

# जसपा नेपालको घोषणापत्र- भ्रष्टाचार नियन्त्रण गर्न जनलोकपाल गठन गर्ने, ०४७ सालयताका उच्च पदस्थहरूको सम्पत्ति छानबिन गर्ने

काठमाडौं, फागुन १ ॥ जनता समाजवादी पार्टी (जसपा) नेपालले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरेको छ। काठमाडौंको अनामनगरस्थित युनियन हाउसमा पत्रकार सम्मेलन गरी जसपा नेपालले घोषणा पत्र सार्वजनिक गरेको हो।



जसपाले यसपालि २५ पृष्ठको घोषणापत्र ल्याएको छ ।

यसमा संविधान संशोधन गर्न आयोग गठन गर्नेदेखि भ्रष्टाचार नियन्त्रण र छानबिनका लागि जनलोकपाल बनाउनेसम्मका प्रतिबद्धता समेटिएका छन्। जसपाले सबै नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। साथै हरेक प्रदेशमा कम्तिमा एउटा अत्याधुनिक बहुविशिष्टिकृत सेवाप्रदायक अस्पताल र एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठानका साथै हरेक स्थानीय तहमा एउटा सुविधासम्पन्न अस्पताल स्थापना गर्ने घोषणा गरेको छ।

शिक्षातर्फ जसपाले शिक्षाको पूर्ण सार्वजनिकीकरण गर्दै स्कुल, कलेज र विश्वविद्यालयहरू सार्वजनिक प्रणालीअन्तर्गत सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

साथै शिशु कक्षादेखि उच्च तहसम्म निःशुल्क शिक्षालाई सुनिश्चित गर्ने घोषणा पनि जसपाले गरेको छ।

जसपाले प्रत्येक प्रदेशमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स)मा आधारित आधुनिक प्रविधियुक्त अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गर्ने घोषणा पनि गरेको छ।

न्यायको क्षेत्रमा जसपाले सबै नागरिकका लागि निःशुल्क कानुनी सहायताको व्यवस्था प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

साथै प्रहरी ऐन संशोधन गरी व्यवसायिक, जनमत्री, उत्तरदायी र अधिकार सम्पन्न सुरक्षा व्यवस्था स्थापित गर्ने उसको प्रतिबद्धता छ। संघीय निजामती ऐन ६ महिनाभित्र पारित गराउने प्रयास गरिने पनि जसपाको प्रतिबद्धता छ।

जसपाले २०४७ सालयता निर्वाचित जनप्रतिनिधिहरू, प्रधानमन्त्री लगायत मन्त्रीहरू, उच्च पदस्थ कर्मचारी, सुरक्षा निकायका उच्च पदस्थ पदाधिकारी र संवैधिनक आयोगमा रहेका पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने घोषणा पनि गरेको छ।

जसपाले वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि फ्रि भिसा र फ्रि टिकट प्रदान गर्ने नीति लागू गर्ने जनाएको छ। वैदेशिक रोजगारीबाट फर्केकाहरूलाई सीपका आधारमा स्वदेशमै रोजगारीको प्रबन्ध गरिने नीति लिने जसपाको प्रतिबद्धता छ।

# बंगलादेशको चुनावमा ६ सिट मात्रै जितेपछि एनसिपीले भन्यो- मतगणनामा गडबडी भयो

बंगलादेशको नेसनल सिटिजन्स पार्टी (एनसिपी)ले मतगणनामा गडबडी भएको आरोप लगाएको छ।

एनसिपी बंगलादेशमा विद्यार्थीहरूको आन्दोलनबाट तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई अपदस्त गरेपछि स्थापना भएको पार्टी हो।

आन्दोलनको नेतृत्व गरेको भए पनि निर्वाचनमा भने खराब प्रदर्शन गरेको छ। एनसिपीले ६ सिटमा मात्रै जित्ने सम्भावना देखिएको भनेर शुक्रबार बिहान बंगलादेशको सञ्चार माध्यमहरूले समाचार सार्वजनिक गरेको थियो।

द डेली स्टारका अनुसार गएराति नै एनसिपी प्रवक्ता आशिफ महमुदले पत्रकार सम्मेलन गरी मतगणनामा गडबडी भएको बताएका हुन्।

उनले अन्तिम नतिजा सार्वजनिक गर्नुअघि विवादित सिटहरूको पुनःसमीक्षा गर्न निर्वाचन आयोगलाई आग्रह गरेका छन्।



एनसिपीले जमात-ए-इस्लाम लगायत ११ वटा दल मिलेर गठबन्धन गरेको थियो।

'११-दलीय गठबन्धनका शीर्ष उम्मेदवारलाई लक्ष्य गरेर नतिजा हेरफेर गरिएको भन्ने स्पष्ट प्रमाण हामीले पाएका छौं,' पत्रकार सम्मेलनमा आशिफ महमुदले भनेका छन्।

उनका अनुसार केही क्षेत्रमा सञ्चार माध्यमले सार्वजनिक गरेका तथ्यांक, मतदान केन्द्रको मतगणना विवरण र निर्वाचन अधिकृतले घोषणा गरेका नतिजाबीच स्पष्ट भिन्नता देखिएको बताएका छन्।

उनले ढाका-१३, ढाका-१५, ढाका-१७, ढाका-१९ र ढाका-११ क्षेत्रमा अनियमितता भएको दाबी गरे।

'कतिपय स्थानमा पूर्ण मतगणना नहुँदै विजेता घोषणा गरिएको छ भने केही केन्द्रको नतिजा पछि परिवर्तन गरिएको छ,' उनले भनेका छन्।

कुरीग्राम-१ र कुरीग्राम-२ मा गठबन्धनका उम्मेदवारको अनौपचारिक विजय घोषणा भएपछि दबाब र तनाव सिर्जना गरिएको पनि उनले दाबी गरे।

ढाका-८ मा तोकिएको चिन्हभन्दा बाहिर छाप लगाइएका मतपत्रसमेत गणनामा समावेश गरिएको उनको आरोप छ।

एनसीपीले विवादित क्षेत्रको मतगणना पुनःजाँच गर्न, आवश्यक परे पुनःप्रमाणीकरण गर्न र निष्पक्ष ढंगले अन्तिम नतिजा सार्वजनिक गर्न निर्वाचन आयोगसँग माग गरेको छ।

निर्वाचन आयोगले भने यसबारे औपचारिक प्रतिक्रिया नदिएको डेली स्टारले जनाएको छ। बंगलादेशमा बंगलादेश नेश्नलिस्ट पार्टी (बिएनपी)को जित सुनिश्चित भएको छ। यसका अध्यक्ष तारिक रहमान प्रधानमन्त्री बन्ने निश्चित भएको छ। तारिक पूर्वराष्ट्रपति जियाउर रहमान र पूर्वप्रधानमन्त्री खालिदा जियाका जेठा छोरा हुन्।

# निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग नगर्न आग्रह एनसिई नेपालद्वारा रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र

**रौतहट, फागुन ०१ ॥** बालअधिकार संरक्षणका लागि क्रियाशील संस्था एनसिई नेपाल ले निर्वाचन प्रचार-प्रसारका क्रममा बालबालिकालाई प्रयोग नगर्न माग गर्दै रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ। संस्थाका प्रतिनिधिहरूले जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारलाई ज्ञापनपत्र हस्तान्तरण गर्दै राजनीतिक दल तथा उम्मेदवारहरूले सभा, जुलुस, घरदैलो तथा प्रचार सामग्रीमा बालबालिकाको सहभागिता नगराउन कडा निर्देशन जारी गर्न आग्रह गरेका हुन्।



एनसिई नेपालका अध्यक्ष लवराज ओली केन्द्रीय सदस्य एवम रौतहट जिल्ला सम्योजक शेष अर्शद र कोषाध्यक्ष भैरवलाल यादवको संयूक्त हस्ताक्षरीतले

“बालबालिकालाई झन्डा बोक्न, नारा लगाउन वा भीड बढाउन प्रयोग गर्नु बालअधिकार विपरीत कार्य हो” भन्दै यस्तो अभ्यास तत्काल रोक्न प्रशासनले सक्रिय पहल गर्नुपर्ने बताएका छन्।

ज्ञापनपत्रमा बालबालिकाको अधिकार सुनिश्चित गर्ने संवैधानिक व्यवस्था तथा प्रचलित कानुनको उल्लेख गर्दै निर्वाचनलाई स्वच्छ, निष्पक्ष र बालमैत्री बनाउन सबै पक्ष जिम्मेवार हुनुपर्ने माग गरिएको छ।

संस्थाले प्रचार कार्यक्रममा विद्यालय पोसाकमा रहेका विद्यार्थीहरू देखिनु, साना बालबालिकालाई मोटरसाइकल र्‍यालीमा सहभागी गराइनु जस्ता गतिविधि गम्भीर चिन्ताको विषय भएको उल्लेख गरेको छ।

प्रमुख जिल्ला अधिकारीले ज्ञापनपत्र बुझ्दै निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गराउन प्रशासन प्रतिबद्ध रहेको प्रतिक्रिया दिएका छन्। आचार संहिता विपरीत गतिविधि भएमा कानुनी कारबाही गरिने उनले आश्वासन दिएका छन्।

एनसि नेपालले आगामी दिनमा पनि अनुगमनलाई तीव्र बनाउने र बालअधिकार उल्लङ्घन भए सम्बन्धित निकायलाई जानकारी गराउने जनाएको छ। निर्वाचनलाई बालमैत्री बनाउन र ाजनीतिक दल, अभिभावक र समाजका सबै पक्षले सजगता अपनाउनुपर्नेमा जोड दिइएको छ।


**न्यायालय में,**

**सब जज-प्रथम**

**सीतामढ़ी।**

**बंटवारा वाद संख्या-**

**शिवजी सहनी......वादी**

**बनाम**

**कौशल्या देवी वो. -----प्रतिवादीगण**

**नोटिस बनाम**


1. धनमंती देवी, पिता- स्व. पोसन सहनी, पति- धनराज सहनी, ग्राम टिकुलिया, वार्ड नं- 06, पोस्ट+ थाना- गौर, जिला- रौतहट (नेपाल)। चूं वादी ने यह बंटवारा वाद मेरे न्यायालय में आपलोगों के विरूद्ध दायर किया है और आपलोगों के विरूद्ध मेरे न्यायालय से रजिस्टर्ड कार्ड (लिफाफा) वो सम्मन भेजा गया, बावजूद मुकदमा में उपस्थित नहीं हुए हैं, जिससे वाद की कार्यवाही में बिलंब हो रहा है। बजरिए इस नोटिस के माध्यम से आपलोगों को आगाह किया जाता है कि इस वाद की अगली तिथि दिनांक- 17/02/26 को प्रातः 10:30 बजे वकालतन या असालतन उपस्थित होकर अपना पक्ष प्रस्तुत करें, अन्यथा वाद की कार्यवाही आपलोगों के विरूद्ध एकपक्षीय की जाएगी। इसे ताकीद जाने।

**सब जज, प्रथम**

**सीतामढ़ी।**



**सर्पको टोकाईबाट बच्न अपनाउनुपर्ने उपायहरू :**


- घर अगाडिका झाडी,कसमल काटेर सफा गरौं
- घरका भित्तामा भएका प्वाल टाल्ने र मुसा छिर्ने दुलोहरू पुर्ने गरौं
- झ्याल र ढोकामा जाली लगाउने
- खेतबारीमा काम गर्दा पूरा बाहुलाको कपडा र खुट्टामा छालाको बुट लगाऔं
- रातिमा हिंडडुल गर्दा लाइट बालेर हिंड्ने गरौं
- भुईमा नसुतौं , खाटमाथि सुतौं र झुल लगाउने गरौं

**सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरू :**

- सर्पले टोकेमा धामी, झाँक्रीको खोजीमा समय बरबाद नगरी, तुरुन्त अस्पताल वा सर्प दंशको उपचार केन्द्रमा लैजाऔं
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन् सान्त्वना दिने गरौं
- सर्पले टोकेको व्यक्तिलाई केही पनि खान नदिने र निदाउन दिन हुँदैन
- शरीरमा भएको घडी, चुरा, औंठी, पाउजु, पेटी खोली दिऔं
- सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतह भन्दा तल पार्न लगाऔं
- सर्पले (टोकेको भागलाई डोरी वा ट्युबले अत्यधिक कसेर नबाँधौं) टोकेको ठाउँ छोप्न सफा, सुख्खा पट्टीले बलियो गरी बेर्ने र सो पट्टी नहल्लियोस् भनेर अर्को पट्टीले कस्ने गरौं
- सर्पले टोकेको भागलाई हलचल गराउन र हिंड्न नदिऔं
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसालेर लैजाऔं

**गरुडा नगपालिका,**

**, रौतहट ,मधेश प्रदेश,**



**नगर भित्र रहेका वडामा विवाह दर्ता,जन्मदर्ता र मृत्यु दर्ता समयमै गरौ ।**

**चन्द्रपुर नगरपालिका, रौतहट**